# इस्मा गाउँपालिकाको नवौं गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

सामाजिक रुपान्तरणका लागि नेपाली जनताले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तनको आकांक्षा पुरा गर्न विभिन्न चरणमा संचालन गरेका शान्तिपूर्ण तथा सशस्त्र संघर्षहरूको परिणाम स्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अहिले हामी अभ्यास गरिरहेका छौं । संवैधानिक व्यवस्था अनुरुप तीनवटै तहको निर्वाचनमा जनताद्वारा व्यक्त जनमतबाट निर्वाचित सरकारले कार्यभार सम्हालेसँगै संघीय व्यवस्थाको व्यवहारिक कार्यान्वयन भैरहेको छ । इस्मा गाउँपालिकाबासीबाट निर्वाचित स्थानीय सरकारले आफ्नो कार्यकालको चौथो वर्ष पुरा गरी पाँचौं वर्ष प्रवेशको दौरानमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

यस गाउँपालिकाको नवौं गाउँसभामा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम पेश गर्ने क्रममा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म ल्याई पुऱ्याउँन विभिन्न समयमा भएका शान्तिपूर्ण तथा शसस्त्र संघर्षका क्रममा जीवन बलिदान गर्ने सम्पूर्ण महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछु । साथै घाइते तथा बेपत्ता योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरू,**

संवैधानको व्यवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँपालिकाको **कृषि, रोजगार, पर्यटन र पूर्वाधार : समतामूलक इस्मा समृद्दिको आधार** भन्ने मूख्य दीर्घकालीन सोंच, गाउँपालिकाको प्रथम आवधिक पञ्चवर्षीय योजना (२०७५-२०७९) र क्षेत्रगत रुपमा जनता एवम् सम्बद्द पक्षसँग गरिएका प्रतिबद्धताहरू समेतलाई मनन गरी चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तयार गरिएको थियो । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्माणमा समेत यिनै कुराहरूलाई मूख्य आधारको रुपमा लिइएको छ । कोरोना भाइरसले सिर्जना गरेको संकटका कारण चालू आर्थिक वर्षका लागि तय गरिएका नीति तथा कार्यक्रम र बजेटको पूर्ण कार्यान्वयन हुन नसकेको व्यहोरा अवगत गराउँछु । सीमित श्रोत साधनको उच्चतम सदुपयोग गर्दै उत्पन्न भएका चुनौतीहरूलाई सम्बोधन गर्ने र विकास कार्यलाई गति प्रदान गर्ने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरिएको छ । यसै क्रममा म चालु आर्थिक वर्ष २०७७०७८ को लागि स्वीकृत निति तथा कार्यक्रमको संक्षिप्त प्रगति विवरण यस सम्मानित सभामा पेश गर्न गर्दछु ।

## १. आर्थिक विकास

कृषि उपज तथा पशुधन बिक्री परिमाणका आधारमा उत्पादक किसानलाई गाउँपालिकाको तर्फबाट उत्पादनमा आधारित अनुदानको कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गरिएको छ । यस कार्यक्रमले

किसानलाई कृषि तथा पशुधन उत्पादनका लागि थप प्रोत्साहित गरेको छ । कृषि र पशुधन विमा गर्ने किसानलाई विमा प्रिमियमको ५० प्रतिशत रकम गाउँपालिकाको तर्फबाट भुक्तानी गरिएको छ । यस कार्यक्रमले उत्पादक किसानको कृषि तथा पशु उपजको जोखिम वहन गरी सुरक्षा दिएको छ । यस गाउँपालिका भित्र हेफर इन्टरनेशनलसँगको सहकार्यमा सामुदायिक विकासका लागि बाख्रा उद्यम विकास परियोजना सञ्चालन गरिएको छ । गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाउन तथा बाख्राका पकेट कार्यक्रम प्रर्वधन गर्न यस कार्यक्रमले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । साथै सामाजिक पुँजीको विकास, महिला नेतृत्व क्षमता विकास तथा सशक्तिकरण गरेको छ । सामुहिक दायित्व, सहयोग, सद्भाव तथा घास पकेट विस्तार गरी पशुपालनमा आत्मनिर्भर बनाउँने काम सफलतापूर्वक अगाडि बढेको छ । किसानको उत्पादन बजारीकरण गर्न **एक स्थानीय तह एक उत्पादन** कार्यक्रम र इस्मा कोदो व्लक कार्यक्रम लागु गरिएको छ जसमा नयाँ यन्त्रउपकरण, कोदो भण्डारण कक्ष, कोदोको लागी विउ पुँजी कोष खडा गरिएको छ ।

वडा नं. २ मा गाउँपालिका स्तरको कृषि तथा पशु उपज संकलन केन्द्र र शीतभण्डार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य अगाडि बढाइएको छ । प्रत्येक वडामा स्थानीय जातको खसी बोका र कुखुराको मासु उपलब्ध हुने गरी मासु पसल स्थापना गर्न प्रोत्साहन स्वरुप पुँजिगत अनुदान उपलब्ध गराइएको छ । बुल्म सेरामिक्स उद्योगबाट कुमाल समुदायका कारिगढहरूले माटोबाट भाँडा लगायतका सामग्री निर्माण गरेर विक्री वितरण गरी आम्दानी गर्न थालेका छन् । यस उद्योगले गाउँपालिकाको पहिचान स्थापित गरेको छ । वडा नं. ३ को रातिपोखरीमा इस्मा गाउँपालिकाको एक मात्र औधोगिक ग्राम नेपाल सरकारबाट औधोगिक ग्राम घोषणा भई कार्य आरम्भ हुन गइरहेको छ । इस्मा गाउँपालिकाको पहिचान बोकेको इस्मा कोटको पुरातत्व विभागको सहयोगमा पुनः निर्माणको कार्य अगाडि बढीरहेको छ र त्यसको संरक्षणको व्यवस्था मिलाइएको छ । आवश्यक बजेट, क्षमता विकास र सीप विकास गर्दै गाउँपालिका भित्रका सहकारी संस्थाहरूको कार्यालय व्यवस्थापन, क्षमता अभिवृद्धि र संस्थागत विकासमा सहयोग गरिएको छ । त्यसैगरी सहकारी संस्थामार्फत उद्यम विकासका लागि निर्व्याजी कर्जा प्रवाह गरिएको छ । सबै वडातहमा पशुपंक्षीका लागि निःशुल्क औषधी तथा खोप कार्यक्रम सञ्चालन गरिएको र नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा रहेको छ ।

## २. सामाजिक विकास

गाउँपालिकाको गौरवको योजनाको रुपमा चालु आर्थिक वर्षमा सञ्चालन गरिएको एक घर एक खानेपानी धारा कार्यक्रमको पहुँच हालसम्म १५७५ घरधुरीमा पुगेको छ । कोरोना महामारीका कारण सञ्चालनमा रहेका योजनाहरूको कार्यप्रगति अपेक्षाकृत हुन नसक्दा निर्धारित लक्ष्य हासिल हुन नसकेको भए तापनि ढाँड्खोला लिफ्टीङ्ग वडा नं.३, निस्ती दोश्रो इस्मा १, ३, ४ र ५, जुकेपानी बजाउनेडाँडा बनगाउँ खानेपानी इस्मा ५, ठुलाखोला-गरगरे लिफ्टीङ्ग खानेपानी योजना इस्मा १, निर्माणको अन्तिम चरणमा रहेका छन् । गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई परीक्षा शुल्क समेत निःशुल्क गरी अध्ययनको व्यवस्था गरिएको छ । त्यसैगरी शिक्षाको

पहुँचमा वृद्दि गर्न छात्रवृत्ति उपलब्ध गराई विपन्न, असहाय, अविभावकविहिन बालबालिकालाई प्रोत्साहन गर्ने कार्यक्रम गरिएको छ ।

विद्यालयहरूलाई छात्रामैत्री बनाउन निःशुल्क सेनेटरी प्याड वितरणको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको छ । विद्यालयमा भौतिक व्यवस्थापन प्रभावकारी बनाउन पूर्वाधार निर्माण कार्यक्रम मार्फत भौतिक अवस्था सुधार गरिएको छ । गाउँपालिका भित्र सञ्चालित विद्यालयमा शिक्षक अभाव पूरा गर्न स्वयंसेवक शिक्षक तथा सिकाई सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन विद्यालयहरूमा इन्टरनेट जडान कार्यलाई विस्तार गरिएको छ । यस गाउँपालिकाको वडा नं. ५ मा सी.टी.इ.भी.टी. को सम्बन्धनमा बहुप्राविधिक शिक्षालय सञ्चालनमा आई शिक्षालयले पठनपाठन सञ्चालन गरिरहेको र जग्गा व्यवस्थापनको काम अगाडि बढाइएको छ । स्थानीय पाठ्यक्रम निर्माण कार्यको आरम्भ गरिएको छ र आगामी आ.व.मा सम्पन्न गरी लागु गरिने योजना रहेको छ ।

बर्थिङ्ग सेन्टरसम्म जाने आउने सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवाको कार्यक्रमबाट चालु आर्थिक वर्षमा २६० जना भन्दा बढी महिलाहरूले सुविधा लिएका छन् । ३५० जनाभन्दा बढी महिलाहरूले कोशेलीसहितको गर्भवती भेटघाट कार्यक्रम, निःशुल्क क्याल्सियम र आइरन चक्कीको सेवाबाट लाभान्वित भएका छन् । स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्ति यो आर्थिक वर्षमा वृद्धि भएको छ र जनतालाई स्वास्थ्य सेवा प्रवाहमा सहजता आएको छ । गाउँपालिकाको वडा नं. ४ मा सञ्चालित आयुर्वेद गाउँघर क्लिनिकलाई निरन्तरता दिइएको छ । मेडिकल अधिकृत (डाक्टर) को व्यवस्था गरि महामारीलगायतमा सहज स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

## ३. पूर्वाधार विकास

गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालित चक्रपथको ट्र्याक खोल्ने काममा उल्लेखनीय प्रगति भएको छ । **"जनतालाई हाम्रो भर : विपन्नलाई सुरक्षित घर"** कार्यक्रम मार्फत खरको छाना विस्थापन गरी १३८ घरमा टिनको छाना लगाउने कार्य अगाडि बढाइनुका साथै यस कार्यलाई निरन्तरता दिइने छ । कोरोना महामारीका कारण खरको छाना मुक्त गाउँपालिका घोषणा हुन नसकेकोले आगामी आर्थिक वर्षको पहिलो चौमासिक भित्रमा गाउँपालिकालाई खरको छाना मुक्त गाउँपालिका घोषणा गरिनेछ । पचास जना लेन्थवर्करहरूको परिचालन मार्फत गाउँपालिका भित्रका सडकलाई नियमित मर्मत सम्भार गरी संचालन योग्य बनाइएको छ । उज्यालो इस्मा घोषणाको तयारी अन्तिम चरणमा पुगेको छ । गाउँपालिकाका ६ वटै वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत हेलीप्याड निर्माण कार्य सम्पन्न भएको छ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

कोरोना रोकथाम र नियन्त्रणका लागि गा.पा. प्रवेश स्थल छल्दीटाँरीमा सामान्य स्वास्थ्य परीक्षण तथा अभिलेख व्यवस्थापनका लागि हेल्थ डेस्क सञ्चालन गरिएको छ । ५ बेडको कोभिड अस्पताल र २०

बेडको आइसोलेसन सञ्चालन गरिएको  छ । कोरोना सम्बन्धी सम्पूर्ण कामको सहजीकरण, निगरानी र समन्वय गर्नका लागि घुम्ती समुह परिचालन गरिएको छ । सबै वडाहरूमा माक्स, सेनेटाइजर, साबुन लगायतका सामग्रीहरूको वितरण गरिएको छ । प्रत्येक वडाका टोल टोलमा पुगेर एन्टिजेन परीक्षण र परीक्षणमा पोजेटीभ भएका र उनीहरूको सम्पर्कमा रहेकाहरूको पिसिआर परीक्षणको व्यवस्था गरिएको छ । कोरोना महामारीको नियन्त्रण र व्यवस्थापनका लागि विभिन्न संघ संस्था र व्यक्तिहरूबाट केही स्वास्थ्य सामग्रीहरू प्राप्त भएको छ । उक्त सहयोग उपलब्ध गराउने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु । साथै यस कामको व्यवस्थापनमा गाउँपालिकालाई सहयोग गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षकहरू, विभिन्न सामाजिक संघ, संस्था, सहकारी, आमा समूह, क्लबहरू लगायत स्वयंसेवकीय कार्य गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

चालु आर्थिक वर्षमा पानीका श्रोत संरक्षणका लागि पुनर्भरण पोखरी निर्माण गर्ने नीति र कार्यक्रम तय गरिएकोमा पोखरी निर्माण कार्य भएको छ । बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा धुवाँरहित सुधारिएको चुल्हो ३३५ घरपरिवारलाई वितरण गरिएको छ । विपद् व्यवस्थापनका लागि प्रतिकार्य योजना निर्माण गरिएको छ । आपत्कालिन कार्य सञ्चालन केन्द्र गठन तथा राहत वितरणका कार्यहरू गरिएको छ । त्यसैगरी गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका बनाउँन आवश्यक कार्ययोजना निर्माण गरि सोहि अनुसार कार्यक्रमहरू सञ्चालन गरिएको छ । सबै वडाहरूमा टोल सुधार समितिहरू गठन गरी परिचालन गरिएको छ । यसबाट सामाजिक विकृति विसंगति नियन्त्रण र विकास निर्माण लगायतका क्षेत्रमा सहयोग पुगेको छ ।

## ५. संस्थागत विकास, सेवाप्रवाह, सुशासन र विविध

गाउँपालिकाको वेभसाइट र सामाजिक संजाल नियमित रुपमा अपडेट गर्ने तथा रेडियो कार्यक्रम मार्फत् गाउँपालिकाको गतिविधिहरू सार्वजनिक गर्ने गरिएको छ । पूर्ण रुपमा घटना दर्ता अनलाइन प्रणाली र सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिंग प्रणाली अवलम्वन गगिएको छ । केहि वडा तथा स्वास्थ्य संस्थाहरूमा फाइवरयुक्त इन्टरनेटको पहुँच पर्याइएको छ । कार्ययोजना बनाई कार्यसम्पादन गर्ने कार्यलाई अगाडि बढाइएको छ । कार्यालय प्रमुखसँग कर्मचारीहरूले कार्यसम्पादन करार संझौता गरी नियमित रुपमा दैनिक काम गरिरहेका छन् । गाउँपालिकामा आवश्यक जनशक्ति पदपूर्ति गरी नागरिकलाई प्रदान गरिने सेवाप्रवाहलाई सहज तुल्याइएको छ । सबै वडाहरूमा वडाअध्यक्षको नेतृत्वमा मेलमिलाप समिति गठन गरिएको छ ।

न्यायिक समिति मार्फत न्याय निरुपण तथा विवादहरूको समाधान गर्ने काम भएको छ । न्यायिक समितिका लागि ४८ घण्टे क्षमता विकास मेलमिलाप सम्वन्धी तालिम सम्पन्न गरिएको छ । गाउँपालिकाको गतिविधि समेटेको रेडीयो कार्यक्रम सञ्चालन, खाद्य वस्तुको गुणस्तर जाँच अनुगमन गरिएको छ । कर्मचारीहरूलाई अतिरिक्त कार्यसम्पादनका आधारमा प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाइएको छ । यस गाउँपालिकाले अव्यवस्थित रुपमा भैरहेको मदिरा बिक्री वितरण कार्यलाई

कार्यविधि निर्माण गरी नियन्त्रणको प्रयास गरेको छ र लाखौको बरामद मदिरा नष्ट गरिएको छ । गाउँपालिकाको समग्र पहिचान झल्कने प्रतीक चिन्ह (लोगो) छनौट गरी प्रयोगमा ल्याउँने व्यवस्था अन्तिम चरणमा पुगेको छ ।

## सभाका सम्पूर्ण सदस्यज्यूहरू,

नेपालको संविधान, २०७२ ले लिपिबद्ध गरेका संवैधानिक व्यवस्थाहरू, नेपालको पन्ध्रौं योजना, गाउँपालिकाको पहिलो आवधिक योजना (२०७५-०७९) का प्राथमिकताहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत् "**समृद्ध नेपालः सुखी नेपाली**" बनाउँने दीर्घकालीन उद्देश्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकार अन्तर्गत रहेर "**कृषि, रोजगार, पर्यटन र पूर्वाधार : समतामूलक इस्मा समृद्धिको आधार**" लाई दीर्घकालीन सोंचको रुपमा अगाडि बढाउँदै कोरोना महामारीको नियन्त्रण, रोजगारी सिर्जना, कृषि, पशुपालन र उद्यम व्यवसायलाई उच्च प्राथमिकता दिई यो नीति तथा कार्यक्रम तयार पारिएको छ । विभिन्न क्षेत्रगत विकास समितिहरू गठन गरी विकासमा सबै समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, महिला सशक्तिकरण, खानेपानी सुविधाको लागि "**एक घरः एक धारा**" तथा गाउँपालिकाको सेवालाई नागरिकमैत्री बनाउने कामलाई समेत प्राथमिकतामा राखी तयार गरिएको आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

## १. आर्थिक विकास

**१.१ "इस्माको चाहना : कृषि र पशुपालनमा सम्भावना"** कार्यक्रम अन्तरगत कृषि तथा पशु विकास कार्यक्रमलाई व्यवसायिक तथा प्रविधियुक्त रुपमा अगाडि बढाइनेछ । कृषकको मुनाफा सुनिश्चित गर्न कृषि तथा पशुधनको न्यूनतम समर्थन मूल्य कायम गर्ने प्रक्रिया अगाडि बढाउने, गाउँपालिका भित्र उत्पादन हुने तरकारी तथा फलफूलजन्य उत्पादनको आन्तरिक खपतलाई प्रोत्साहन गर्दै निर्यात गर्ने कार्यलाइ प्रश्रय दिइने छ ।

१.२ गाउँपालिकालाई आगामी वर्षभित्र मासु र दुधमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ । गाउँपालिकालाई बाख्राको श्रोत केन्द्रको रुपमा विकास गर्दै खसी बोका तथा मासु निर्यातको लागि कृषकहरूलाई सीप, प्रविधि र पूर्वाधारमा अनुदान दिने, कृषि र पशु बीमा प्रिमियममा ५० प्रतिशत सम्म भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१.३ "**कृषकको साथी प्राविधिक**" कार्यक्रम लागू गरी घरघरमा कृषि र पशुसेवा प्राविधिक उपलब्ध गराउने, कृषक पाठशाला संचालन, मल, बीउ, प्रविधि, सिंचाइको व्यवस्था मिलाउने, पशुमा कृत्रिम गर्भाधान, नश्ल सुधार, खोप तथा औषधीको व्यवस्था एवं गोठ सुधार कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१.४ तरकारी, फलफूल, मासु, दुध जस्ता माटो सुहाउदो उत्पादनलाई पकेट क्षेत्र र जोनको रुपमा व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । कोदो, धान, गहुँ पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ । मकै जोनको कार्यक्रमलाई सम्बन्धित् निकायसँग समन्वय गरी प्रभावकारी बनाइने छ । कृषकको उत्पादनलाई सुरक्षित भण्डारण र बजारीकरणमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने छ ।

१.५ गाउँपालिका भित्रको उपयुक्त स्थानमा एक नमुना कृषि फर्म र एक फलफूल बगैंचा निर्माण गर्ने कार्य संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा अगाडि बढाइनेछ । साथै व्यक्तिगत रुपमा सञ्चालन हुने कृषि उद्यमलाई आवश्यक सहुलियत कर्जा र अनुदानको व्यवस्था गरिनेछ ।

१.६ कृषकलाई आवश्यक फलफुल, घाँस लगायतका बहु-उपयोगी विरुवा उत्पादन र वितरण गर्न नर्सरी स्थापना र सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि तथा पशु धनमा लाग्ने रोगको पहिचान र निदानका लागि जनशक्ति र परीक्षण ल्यावको व्यवस्था गर्ने व्यवस्था मिलाइनेछ ।

१.७ सामुदायिक विकासका लागि बाख्रा उद्यम परियोजनालाई निरन्तरता दिइनेछ । अमिलो जातको फलफुलको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ । वन्यजन्तुबाट कृषि उपजको क्षती हुन गएमा सोको मुल्यांकन गरी कृषकलाई न्युनतम लागत राहत उपलब्ध गराउने नीति लिइनेछ । प्रत्येक वडामा स्थानीय जातको खसी, बोका र कुखुरा पालन गर्ने व्यवसायीलाई प्रोत्साहन गर्ने, प्रांगारिक खेती प्रणालीको विकास एवं जैविक विषादी उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ ।

१.८ उद्यम गर्न चाहने युवाहरूको वित्तीय पहुँच विस्तार गर्न "**उद्यम विकास कोष**" स्थापना गरी सहुलियत कर्जाको कार्यक्रमलाई निरन्तरता दिइनेछ । कोरोना महामारीबाट प्रभावित भई विदेशबाट सीप सिकेर गाउँ फर्किएका युवाहरूलाई लक्षित गरी "**परदेशीको सीप : स्वदेशी लगानी**" को नारालाई व्यवहारमा कार्यान्वयन गरिनेछ । र कृषिसँग सम्बन्धित उद्योगलाई पहिलो प्राथमिकता दिइने छ ।

१.९ कोरोना महामारीका कारण हुन सक्ने खाद्यान्न संकट तथा भारत प्रवास, तेस्रो मुलुक र देशका शहरी क्षेत्रबाट यस गाउँपालिकामा फर्केको जनशक्तिलाइ रोजगारी दिन "**हाम्रो श्रम हाम्रै विकास**" भन्ने भावना जगाउँदै गाउँपालिकाका चालु तथा नयाँ विकास आयोजनाहरूमा श्रममूलक बनाई स्थानीय श्रम शक्तिको उपयोग गरिनेछ ।

१.१० स्थानीयस्तरमा रोजगारी प्रदान गरि जनताको आयस्तरमा बृद्दि गर्न न्यूनतम ३० दिनको रोजगारी ३५० जनालाई प्रदान गर्नका लागि आवश्यक कानुन तर्जुमा गरी "**अध्यक्ष रोजगार कार्यक्रम**" संचालन गरिनेछ । जमिन बाँझो रहन नदिन र काम गर्ने युवाहरूलाई आवश्यक जमिन उपलब्ध गराइने छ ।

१.११ युवाहरूलाई रोजगार एवं स्वरोजगार बनाउन पम्प अपरेटर तथा मर्मत सम्भार कार्यकर्ता, प्लम्बिङ्ग, डोजर चालक, सवारी साधन मर्मतकर्ता, हेयर कटिङ्ग, व्युटीसियन, ग्रामिण पशु तथा कृषि कार्यकर्ता लगायतका तालिमहरूमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१.१२ स्थानीय सहकारी संस्थामार्फत कृषकले उत्पादन गरेका पशु तथा कृषि उपजको संकलन र बिक्रि वितरणका लागि कृषि तथा पशुधन संकलन केन्द्र स्थापना र साप्ताहिक हाटबजार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । सहकारीमा कृषकले गरेको उत्पादन बिक्री परिमाणका आधारमा उत्पादनमा आधारित अनुदान दिने व्यवस्थालाई थप व्यवस्थित गरिने छ ।

१.१३ सहकारीमार्फत सुपथ मुल्य पसल संचालन गरी किसानलाई मल, विउ, विषादी र अन्य आवश्यक वस्तुहरू उपलब्ध गराउन उचित कदम चालिनेछ । प्रत्येक परिवारलाई सहकारीमा आवद्ध गर्दै कृषि तथा पशु सहकारीहरूको विकास र प्रवर्द्धनका लागि आवश्यक सहयोग पुऱ्याइनेछ । महिलाहरूको नेतृत्वमा सञ्चालित सहकारी संस्थालाई प्रोत्साहन र पुरस्कार प्रदान गर्ने तथा व्यवस्थापकीय सीप, विकास र प्रविधिमैत्री बनाउने कार्यमा सहयोग गर्ने नीति लिइनेछ । सहकारी संस्थाको संस्थागत क्षमता विकास र सदस्यहरूको लागि सहकारी व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरिनेछ ।

१.१४ स्थानीय औद्योगिक नीति निर्माण गरी क्षेत्रगत व्यावसायलाई सञ्चालन तथा प्रवर्धन गर्ने व्यवस्था मिलाइने छ र स्थानीय उत्पादनलाई ब्राण्ड बनाउने कार्य अगाडि सारिनेछ । गाउँपालिका भित्रका सबै सडकहरूको नियमित संचालन गर्न सडक मर्मतकर्ता (लेन्थ वर्कर) को व्यवस्थालाई निरन्तरता दिइनेछ । स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बीमाको दायरा विस्तार गर्दै लगिनेछ । विपदमा परेका तथा जटिल रोगीहरूको उपचारका लागि आवश्यक मापदण्डमा आधारमा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

१.१५ वडा नं. ३ मा औद्योगिक ग्राम नेपाल सरकारबाट घोषणा भई कार्यारम्भ भइसकेकोले आवश्यक पूर्वाधार निर्माणमा द्रुत गति प्रदान गरिनेछ । गुल्मी जिल्लाकै पहिचानको रुपमा रहेको बुल्म सेरामिक्स उद्योगलाई नियमित र व्यवसायिक रुपमा सञ्चालन गरी आम्दानी वृद्धि गर्न उद्योगको क्षमता विस्तार गर्ने, जनशक्ति निर्माण तथा मेशिन औजारहरू उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१.१६ गाउँपालिका भित्र फर्निचर, जडीबुटी, ईटा लगायतका उद्योगधन्दा स्थापना र सञ्चालन गर्नको लागि व्यवसायीहरूलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विपन्न जनताको आय स्तर वृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

१.१७ ऐतिहासिक तथा धार्मिक महत्व बोकेको इस्माकोट दरबारसहित माइकास्थान, देउराली, अमरपुरकोट, उजुङ्कोट, रामकोट, थामकागढी लगायतका क्षेत्रहरूको संरक्षण र पूर्वाधार विकास गर्दै

पर्यटन प्रवर्द्धन गरिनेछ । संग्राहलय स्थापना गर्ने कार्य गरिनेछ । स्याँला तिनआँप छल्दीपनाहामा जलाशय निर्माणको प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ । पर्यटन प्रवर्द्धनको लागि थप होमस्टे सञ्चालन गर्न आवश्यक काम गरिनेछ र सञ्चालन गरेकालाई प्रवर्धन गरिनेछ । स्थानीय मठमन्दिर र मौलिक कला-संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । गा.पा.को उत्तरी पहाडी क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिदै लगिनेछ ।

## २. सामाजिक विकास

२.१ **कोभिड महामारी व्यवस्थापन :** विश्वव्यापी संकट बनिरहेको कोभिड १९ को महामारी आगामी वर्ष झन् बढ्ने संभावनालाई मध्यनजर गर्दै निम्न नीति अवलम्बन गरिनेछ -

२.१.१ कोरोनाको सम्भावित संक्रमणलाई मध्यनजर गर्दै भारत, अन्य तेश्रो मुलुक र देशका अन्य स्थानबाट गाउँपालिकामा आउने व्यक्तिहरूलाई सुरक्षित तरिकाले बस्ने व्यवस्था मिलाई निगरानीमा राखी आधारभूत सुविधा उपलब्ध गराइनेछ । कोरोना संक्रमितहरूको उपचारका लागि गाउँपालिकामा स्थापना गरिएको कोभिड अस्पताल र आइसोलेसन सञ्चालनका लागि आवश्यक जनशक्ति र यन्त्र उपकरणको व्यवस्था गरिनेछ ।

२.१.२ गाउँ पालिकाको उपयुक्त स्थानमा साझा औषधी पसलको अवधारणालाई अंगिकार गरिनेछ । गाउँपालिकाभित्र क्रियाशील राजनीतिक दल, सामाजिक संघ संस्था र समुहको परिचालन र सहयोगमा नियन्त्रणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२.१.३ स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गरिनेछ । विभिन्न रोगहरूको पहिचान गर्न सघाउँने एक्सरे मेसिन गाउँपालिकाभित्रै सञ्चालनमा ल्याउँने व्यवस्था गरिनेछ । साथै गाउँपालिका अन्तर्गतका मूख्य सार्वजनिक सेवा प्रदायक निकाय, आवतजावत हुने मुख्य स्थानहरूमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालन गर्ने, गराउने व्यवस्था मिलाइनेछ । स्वास्थ्यसँग सम्बन्धित् सम्पूर्ण तथ्यांकहरूलाई एकत्रित गरी प्रविधिमार्फत सुरक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

२.१.४ कोरोना महामारी नियन्त्रणमा खट्ने स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, सवारी चालक, स्वयंसेवक तथा जनप्रतिनिधिहरूको लागि व्यक्तिगत स्वास्थ्य सुरक्षा सामग्री, जीवन विमा लगायतको व्यवस्था गरी उच्च मनोवलका साथ काम गर्ने वातावरण मिलाइनेछ । कोरोनाका कारण मृत्यु भएमा मृतकका परिवारलाई राहत उपलब्ध गराउने नीति लिइनेछ ।

२.२ आगामी वर्षमा स्वच्छ खानेपानी उपलब्ध गराउन "एक घर एक धारा" निर्माण कार्यलाई प्राथमिकता दिई आगामी आ.व. भित्र वडा नं. ३ र ६ का सबै घरधुरी सम्पन्न गरि ४००० घरधुरीमा एक घर एक धारा पुर्‍याइने छ । यस योजनालाई गाउँपालिकाको गौरवको योजनाको रुपमा अगाडि बढाउन आवश्यक व्यवस्था मिलाइनेछ । गाउँपालिकामा सञ्चालनमा रहेका ठूला खानेपानी आयोजनाहरूको नियमित मर्मतसम्भार गरी खानेपानी सेवा उपलब्ध गराइनेछ ।

२.३ शैक्षिक संस्थाहरूमा भवन, फर्निचर, खेलमैदान र घेरावार, शौचालय, खानेपानी, रंगरोगन, कम्प्युटर, प्रयोगशाला, बगैचालगायतका एकीकृत पूर्वाधार विकास कार्यक्रम क्रमश कार्यान्वयन गर्ने नीति लिइनेछ । विद्यार्थी संख्या, शैक्षिक गुणस्तर, आवश्यकता र जनशक्तिको उपलब्धता हेरी सामुदायिक विद्यालयको दरबन्दी मिलान र कक्षा थपघटलाई निरन्तरता दिइनेछ ।

२.४ गा.पा.को शैक्षिक क्षेत्रमा उत्कृष्ट सिकाई उपलब्धी र व्यवस्थापकीय सुधार गर्ने विद्यालय एवम् प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ । विद्यालयमा बालमैत्री पूर्वाधारहरूको व्यवस्था गर्ने र बालविकास केन्द्रलाई बालबालिकाको सर्वांगीण विकास हुने गरी सिकाई केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

२.५ गाउँपालिकाको महत्त्व र पहिचान झल्कने गरी स्थानीय तहको पाठ्यक्रम निर्माण पूरा गरी लागू गरिने छ । साथसाथै उपयुक्त स्थानमा स्नातक तहसम्मको पढाई हुने व्यवस्थाको लागि प्रकृया अगाडि बढाइनेछ । यस गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरूमा कार्यरत स्थानीय श्रोतमा रहेका शिक्षकका लागि मासिक रु. २०००। का दरले प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२.६ द्वन्द्वपीडित, सहिद परिवार, घाइते तथा अपांगका परिवार, वेपत्ताका परिवार, अभिभावक विहीन बालबालिका, दलित, जनजाति तथा विपन्न समुदायका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच स्थापित गर्न विभिन्न स्थानमा प्राविधिक धारको उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई सहुलियत कर्जा वा छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

२.७ वडा नं ५ मा सञ्चालन हुन लागेको बहुप्राविधिक शिक्षालयलाई जग्गा प्राप्त गर्न र पूर्वाधार निर्माण गर्ने कार्यमा आवश्यक सहयोग गरिनेछ । हिमालय मा.वि.मा रहेको कृषि प्राविधिक शिक्षा कार्यक्रमलाई आवश्यक सहयोग गरिनेछ । समाजमा शान्ति, सुरक्षा र अमन चयन कायम गर्नका लागि स्थापित इस्मा प्रहरी चौकीको भवन निर्माणका लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ । महत्त्वपूर्ण शिक्षण संस्थामा नजिकका अन्य विद्यालयहरू समायोजन गर्नेर स्कुल बसको व्यवस्था गरी विद्यालयको सेवाक्षेत्र विस्तार गर्न पहल गरिनेछ ।

२.८ कला, सँस्कृति, खेलकुद, मनोरञ्जन लगायतका क्षेत्रमा आवश्यक क्षमतावान घुम्ती शिक्षकको व्यवस्था गरिनेछ । त्यसैगरी विद्यालयमा त्रैमासिक रुपमा स्वास्थ्य शिविर र स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गर्ने नीति लिइनुका साथै पठनपाठनमा थप सुधार र परीणाममुखी बनाउँन त्रैमासिक रुपमा प्रत्येक विद्यालयको अनुगमन तथा निरीक्षण गरी पुरस्कृति गरिनेछ ।

२.९ वैदेशिक रोजगारीबाट फर्किएका र यस गाउँपालिकाका युवाहरूलाई सूचीकरण, सीप पहिचानर आवश्यकताको आधारमा परिचालन गरी रोजगारी दिने कार्यलाई व्यवस्थितगर्न श्रमबैंकको स्थापना गरिनेछ । विकासमा जनसहभागिता वृद्धि गर्न आवश्यक नीतिगत व्यवस्था गरी गाउँपालिका स्तरीय खेलकुद, युवा, बाल क्लव, अपाङ्ग, महिला, दलित, जनजाति तथा ज्येष्ठ नागरिक विकास समितिहरू गठन गरी परिचालन गरिनेछ ।

२.१० खेलकुद क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम गाउँपालिकास्तरीय खेलकुद विकास समितिमार्फत अगाडि बढाइनेछ । हरेक वडामा खेलमैदान निर्माण, खेलकुद प्रतियोगिताको आयोजना र गाउँपालिकास्तरमा अध्यक्षकप भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र निर्माणाधीन रंगशालालाई आगामी आर्थिक वर्षभित्र पुरा गर्न आवश्यक पहल गरिनेछ। राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यवस्थित गर्दै लगिने छ।

२.११ **"दिगो विकासका लागि महिला सशक्तीकरण"** भन्ने मान्यतालाई अत्मसात गर्दै महिलाहरूको लागि सचेतनामूलक र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाभित्र गठन हुने उपभोक्ता समिति, टोल सुधार समिति, विभिन्न क्लब तथा सामुदायिक संस्थाहरूमा ५० प्रतिशत महिला सहभागितालाई सुनिश्चत गर्ने तथा एकल महिलाहरूको लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। वडाका विभिन्न टोलहरूमा टोल विकास संस्था गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२.१२ लैंगिक विभेद, जातीय विभेद, महिला हिंसा, बालविवाह जस्ता सामाजिक विकृति, विसंगति र गैरकानुनी कार्य विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गर्दै सबै प्रकारका विभेदमुक्त वार्ड तथा गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ । ज्येष्ठ नागरिकहरू, अपांगता भएका र फरक क्षमताका नागरिकहरूको सम्मान गर्दै आवश्यक सहयोगी सामग्री वितरण गरिनेछ । 'ग' वर्गका अपाङ्गहरूको मासिक भत्ता रु. ३०० बाट बढाएर रु. ५०० पुर्याइने छ।

२.१३ गाउँपालिका भित्रका दलित समुदायको परम्परागत सीप तथा पेशाको आधुनिकीकरण गर्नेतर्फ ध्यान दिइनेछ । घरमा हुने सुत्केरी तथा शिशु मृत्युलाई शुन्यमा झारी वडा, गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्नेतर्फ रणनीतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै सुत्केरी जाँचका लागि स्वास्थ्यकर्मीलाई घरघरमा पुऱ्याउने नीति लिइनेछ।

२.१४ गर्भवती महिलाहरूको स्वास्थ्य र पोषणमा सुधारको लागि गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिने, वर्थिङ्ग सेन्टरहरूलाई थप व्यवस्थित गर्ने, सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरूलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । गर्भवती र सुत्केरी महिलाहरूलाई निःशुल्क रुपमा क्याल्यिसम उपलब्ध गराउने तथा जनस्वास्थ्य सुधारका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालनको पहल गरिनेछ, महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ३. पूर्वाधार विकास

३.१ गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको प्रक्रिया अगाडि बढाइनुका साथै वडा नं. २ को वडा कार्यालय भवन सम्पन्न गरी नयाँ भवनबाटै सेवाप्रवाह गर्ने व्यवस्था गरिनेछ । गाउँपालिकाको उपयुक्त स्थानमा अतिथि गृह निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

**३.२ "जनतालाई हाम्रो भर, विपन्नलाई सुरक्षित घर"** अभियानलाई साकार पार्दै खरका छाना विस्थापित गरी टिनका छानासहितको सुरक्षित आवास निर्माण कार्यले पूर्णता पाइसकेको तर कोभिड १९ को संक्रमणका कारण घोषणा गर्न नसकिएको **खरका छाना मुक्त गाउँपालिका** आगामी आर्थिक वर्षको पहिलो चौमासिकभित्र घोषणा गरिनेछ ।

३.३ आगामी वबर्षभित्रमा गाउँ पालिकाको केन्द्रमा कालोपत्रे सडक पुऱ्याइनेछ । ४ वर्षभित्र सबै वडाहरूमा कालोपत्रे सडकको पहुँच विस्तार गरिनेछ ।

३.४ गाउँपालिकाको गौरवको आयोजनाको रुपमा वातावरणमैत्री चक्रपथ निर्माण कार्यको ट्र्याक खोल्ने कार्य यसै वर्ष सम्पन्न गरिनेछ । नयाँ ट्र्याक खोल्न निरुत्साहन गर्ने, भइरहेका सडकहरूको मर्मत सम्भार र स्तरोन्नति गर्न ***मानव श्रमको उपयोग*** गरी रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

३.५ संघ तथा प्रदेश सरकारको बजेटबाट कालोपत्रे एवं स्तरोन्नति गरिने गरी योजनामा समावेश भएका सडकहरूको काम समयमै सम्पन्न गराउने, गुणस्तर जाँच गर्ने तथा मर्मत एवं संरक्षण गरी सडक यातायातलाई नियमित र आरामदायी बनाउन पहल गरिनेछ ।

३.६ मूख्य मार्गमा जोडिने गरि उत्तर दक्षिण कृषि सडकको निर्माण गरिनेछ । रुग्ण आयोजनाहरूको समग्र स्थिति विश्लेषण गरी उपयुक्त भएमा सूचारु गर्ने व्यवस्था मिलाइने छ ।

३.७ आवश्यक तयारी पूरा गरी आगामी आ.व.को प्रथम चौमासिकभित्र **उज्यालो इस्मा गाउँपालिका** घोषणा गरिनेछ । विद्युतीकरणमा प्रयोग भएका काठका पोलहरू विस्थापन गरी स्टील पोल राखिनेछ । गाउँपालिका भित्रका महत्वपूर्ण स्थान बजारक्षेत्रमा सडक बत्तीको व्यवस्था गरिनेछ ।

३.८ इस्माकोट दरवार, रामकोट थामकागढीको पुनःनिर्माण, संरक्षण र संग्राहालय निर्माणका लागि संघीय र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

३.९ सनातनदेखि चल्दै आएको संस्कृत भाषा र संस्कृतिको संरक्षण, अध्ययन, अध्यापन गर्ने संस्थाका रुपमा स्थापना भई समुदायस्तरबाट सञ्चालित गायत्री आश्रममा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा अन्य सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

४.१ विपद्मा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने र विपद व्यवस्थापन कोषको रकममा वृद्धि गरिनेछ । विपद व्यवस्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना लागू गरिनेछ । विपद्मा संलग्न जनशक्ति लाई प्रशिक्षण र उपकरणको व्यवस्था तथा दमकल राख्ने व्यवस्था मिलाइनेछ ।

४.२ वडा नं. ५ मा स्थापित जडीबुटी सूचना केन्द्रलाई प्रदेश सरकारसँगको साझेदारीमा थप विकास गर्दै जडीबुटीका विरुवाको श्रोत केन्द्रको रुपमा विकास गरी कृषकलाई जडीबुटी खेतीमा आकर्षित गरिनेछ । गाउँपालिकाको नर्सरीबाट बहुवर्षीय, बहुउपयोगी विरुवा, घाँसको उत्पादन स्थलको रुपमा विकास गरिनेछ ।

४.३ वनमा आधारित उद्यम, जडीबुटी खेती, फर्निचर व्यवसाय, माहुरीपालन लगायतका व्यवसाय संचालनको लागि उपयुक्त वातावरण तयार गर्ने, वनमा रहेका सल्लो लगायतका कुकाठ हटाउने तथा खाली ठाउँमा बहुवर्षीय, बहुउपयोगी फलफूल, घाँस तथा अन्य जातका वृक्षारोपण गर्ने नीति लिइनेछ ।

४.४ विकास निर्माण कार्यलाई वातावरणमैत्री र दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाइनेछ । प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई न्यूनीकरण गर्ने, वातावरण संरक्षणसँगै जलवायु परिवर्तन अनुकूलनका लागि हरेक टोलमा पोखरी निर्माण गर्ने तथा समुदायको सहभागितामा परम्परागत पोखरी, कुवा र मुहानहरूको संरक्षण र सम्भार गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

४.५ एकिकृत बस्ती विकासको गुरुयोजना बनाई लागु गर्ने नीति अबलम्वन गरिनेछ ।

४.६ गाउँपालिकालाई प्लाष्टिकमुक्त, स्वच्छ, सफा र हराभरा राख्ने तथा पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्ने गरी समुदायस्तरमा विशेष अभियानहरू सञ्चालन गरिनेछ । धुवाँरहित सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.७ प्राकृतिक स्रोत जस्तैः ढुङ्गा, गिटी, बालुवा, वन पैदावार लगायको उत्खनन र उपयोगलाई सम्बन्धित निकायसँगको समन्वयमा थप व्यवस्थित गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध

५.१ सभावाट पारित योजना तथा कार्यक्रमहरूको कार्यतालिका तथा कार्ययोजना आर्थिक वर्षको पहिलो महिनाभित्रमा निर्माण गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाको लक्ष्य प्राप्तिमा केन्द्रित रहन जनप्रतिनिधि र कर्मचारीवीच निरन्तर अन्तरकृया गर्ने र कर्मचारीको क्षमता विकास सम्वन्धी कार्यक्रम तथा सम्वन्धित् प्रशिक्षणको आयोजना गरिनेछ ।

५.२ संघीय सरकारमार्फत लागु गरिने न्युनतम पारिश्रमिकको अवधारण यस गाउँपालिकामा लागु गर्नका लागि आवश्यक व्यवस्था गरि बृद्दि भएको तलव समायोजन गरिनेछ । संघीय सरकार र लुम्विनी प्रदेश सरकारले अगाडि सारेको कर्मचारी पर्यटन भ्रमण काजको सम्बन्धमा १० दिनको भ्रमण काजसहित १ महिनाको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५.३ गाउँपालिकाको न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारीको क्षमता विकास, कानुनी सल्लाहकार, कर्मचारी तथा इजलाश लगायत अन्य भौतिक संरचनाको व्यवस्था

गर्दै लगिनेछ । हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने, न्यायिक समितिले गरेका निर्णय र मिलापत्र कार्यान्वयन गराउन तथा गाउँपालिकाको नीति, कानुन र निर्णय पालना गराउँन नगर प्रहरीको प्रभावकारी परिचालन गरिनेछ ।

५.४ गाउँपालिकाबाट स्वीकृत भएका सम्पुर्ण कानुनहरूको संग्रह प्रकाशन गरिनेछ । मदिरा नियन्त्रण, खाद्यवस्तुको नियमित गुणस्तर जाँच र कालोबजारी नियन्त्रणका लागि बजार अनुगमन कार्यलाई निरन्तरता दिइनेछ । समयमै योजनाका कामलाई सम्पन्न गर्नका लागि वडागत रुपमा योजनाको संझौता गर्ने र वैंक खाता खोल्ने कामलाई अभियानकै रुपमा आरम्भ गरिनेछ

५.५ चौमासिक रुपमा गाउँपालिकाको आम्दानी खर्चको प्रगति विवरण कार्यपालिकामा प्रस्तुत गरी छलफल तथा समीक्षा गरिनेछ । वडा समितिको निर्णयको आधारमा वडास्तरको सञ्चालन खर्च परिचालन गरिनेछ । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई र बार्षिक रुपमा योग्यता पुगेको तेस्रो पक्षवाट सामाजिक परीक्षण गराई त्यहाँबाट आएका सुझावहरू कार्यान्वयन गरी कार्यसम्पादन विवरणलाई पारदर्शी र प्रभावकारी बनाइनेछ ।

५.६ गाउँपालिका अर्न्तगतका सबै कार्यालयहरूलाई सुविधायुक्त र सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ । आगामी आ.व. भित्र सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा फाईवरयुक्त इन्टरनेट पुऱ्याइनेछ । नागरिक सहायता कक्षका लागि जनशक्ति व्यवस्था गरी प्रभावकारी ढंगले सेवा प्रदान गरिनेछ । गाउँपालिकाको वेभसाइट र सामाजिक सँजाल नियमित रुपमा अपडेट गर्ने तथा रेडियो कार्यक्रममार्फत् गाउँपालिकाको गतिविधिहरू सार्वजनिक गर्ने कामलाइ निरन्तरता दिने । प्रविधिमैत्री स्मार्ट पालिका उन्मुख प्रविधि पछ्याइने छ र चौमासिक "इस्मा बुलेटिन" प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।

५.७ सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारममार्फत् नागरिक सन्तुष्टी मापनको व्यवस्था गरिनेछ । नागरिकका गुनासो सुनुवाईका लागि जनप्रतिनिधिको नेतृत्वमा संयन्त्र निर्माण गरिनेछ । विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गरी सुशासन कायम गरिनेछ । सेवाग्राहीलाई सुशासनको अनुभूति दिलाउने तथा भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । साथै कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरष्कृत गर्ने नीति लिइनेछ ।

५.८ गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गर्न करको दायरा फराकिलो बनाउँदै लगिनेछ । उत्कृष्ट करदातालाई सम्मान र कर छली गर्नेलाई दण्ड जरिवाना गरिनेछ । गाउँपालिकाको हालसम्मको म.ले.प. प्रतिवेदनबाट औंल्याइएको बेरुजु, असुल उपर गर्ने तथा नियमित गर्नु पर्ने सम्पूर्ण विषयलाई एकीकृत गरी कार्य योजनासहित असुल उपर गर्ने र नियमित गर्नु पर्नेलाई ताकेता गरी **शून्य बेरुजु गाउँपालिका** बनाउँने अभियानमा सम्बद्द सबैलाई अभिप्ररित गरिने छ । यस कार्यमा सहयोग पुऱ्याउँनु सबै जनप्रतिनिधि, सेवाप्रदायक, कर्मचारी, राजनैतिक दल, संघसंस्थाको कर्तव्य हुनेछ ।

५.९ अन्तरपालिका समन्वय कायम गरी अनुभव आदानप्रदान, भगिनी सम्बन्ध स्थापना एवं साझा लगानीमा विकासका योजना सञ्चालन गर्ने नीति लिइनेछ । गाउँपालिका, प्रदेश र केन्द्र सरकारबीच अन्तरसरकारी समन्वय कायम गरी विकासको गतिलाई तीब्र एवं जनमैत्री बनाइनेछ । गाउँपालिका र वडास्तरमा जनता र विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ ।

५.१० संघ, प्रदेश र विभिन्न परियोजनाबाट गाउँपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न योजनाहरूको नियमित अनुगमन र निर्देशन दिने कामलाई थप कडाइका साथ कार्यान्वयन गरिनेछ । गाउँपालिकाको वार्षिक खरिद योजना बनाई इ-विडिङ्गलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने नीति लिइनेछ । यस गाउँपालिका अन्तरगत संचालित सहकारी संस्थाहरूको नियमन तथा व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५.११ व्यक्तिगत घटना दर्तामा अनलाइन प्रणाली, राजस्व संकलनमा सफ्टवेयर र सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकिंग प्रणालीलाई निरन्तरता दिइनुका साथै बैकिङ्ग सेवालाई थप व्यवस्थित र विस्तार गरिदै लगिने छ । आन्तरिक राजस्व वृद्धि गर्न राजश्वको दायरा फराकिलो पारिनेछ ।

५.१२ गाउँपालिकाको कार्य सम्पादनलाई प्रविधिमैत्री बनाउन आबश्यक सफ्टवयर तथा उपकरणहरूको जडान, बैठकका बैकल्पिक विधि, भर्चुअल मिटीङ्गहरू गर्ने गरी मिटिङ्ग हल तथा लाइब्रेरीको व्यबस्था गरिनेछ । गाउँपालिकालाई प्रविधिमैत्री बनाउनको लागि सुरक्षित डाटा भण्डारणको लागि डाटा व्याकअप सर्भर सञ्चालन, मुख्य प्रवेश द्वारमा सि.सि.टि.भि.द्वारा निगरानी गरिनेछ ।

५.१३ यस गाउँपालिका अन्तरगत रहेको छल्दीखोलाको सार्वजनिक जग्गा पहिचान र संरक्षण गर्नुको साथै यस गाउँपालिका भित्र रहेका अन्य सार्वजनिक स्थानको सार्वजनिक जग्गा पहिचान र संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सबैप्रकारका सार्वजनिक सम्पतिहरूको क्षेत्रगत अभिलेखीकरण गरी संरक्षण र बहुउपयोगमा ल्याउने कार्यलाई अगाडि बढाइने छ ।

५.१४ समतामूलक गाउँपालिकाको समृद्विका लागि Think Tank निर्माण गरि आवश्यक सल्लाह सुझाव ग्रहण गर्ने व्यवस्था मिलाइनेछ । त्यसैगरी आधारभूत सरकारी सेवाहरू एकै स्थानबाट प्रवाह हुने व्यवस्था क्रमशः मिलाइनेछ भने स्थानीय तह क्षमता विकास स्वःमूल्याङ्गनका आधारलाई आत्मसाथ गर्दै वार्षिक क्रियाकलापहरूमा आवद्द गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

५.१५ जीवन उपयोगी शैली, सीप, सोंच र व्यवहारमा परिवर्तन ल्याउँने सकारात्मक सोंचका कार्यक्रमहरू आयोजना गरिनेछ । गा.पा. स्थापना भएदेखि हालसम्मका मूख्य उपलब्धीहरूको फेहरिस्त

भएको अभिलेखिकरण गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ । त्यस्तै अन्तर स्थानीय तह समन्वय, भेटघाट, छलफल तथा अनुभव आदान प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

५.१६ सञ्चार क्षेत्रमा क्रियाशील पत्रकारहरूको क्षमता अभिवृद्दि गरिनुका साथै इस्मा जन्मघर भई पत्रकार महासंघको सदस्यता प्राप्त पत्रकारहरूको स्वास्थ्य सम्बन्धी सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

यस आर्थिक वर्षको अन्तिम चौमासिकमा कोरोना भाइरसको संक्रमण न्यूनीकरणका लागि सरकारले घोषणा गरेको लकडाउन र निषेधाज्ञाले गाउँपालिकाभित्रका विकास निर्माणका गतिविधिहरू बन्दप्रायः हुन जाँदा लक्षित उद्देश्य हासिल गर्न कठिन भएको कुरा सबैलाई अवगत नै छ । यस्तो स्थितिमा पनि गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणलाई कार्यान्वयन गर्न अहोरात्र खट्ने सबै जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, शिक्षक, सामाजिक संघसंस्था, नागरिक समाज, पत्रकार तथा सहयोग गर्नुहुने आम जनसमुदायमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु । त्यसैगरी आगामी दिनहरूमा समेत सबै पक्षबाट यस्तै खालको सहयोगको अपेक्षा सहित निरन्तरताका लागि हार्दिक अपिल गर्दछु ।

**७ आषाढ, २०७८ धन्यवाद । जय इस्मा ।**

**लक्ष्मण बहादुर विष्ट**
**गाउँपालिका अध्यक्ष**